महानगरीय प्रहरी शिक्षालय, महाराजगञ्जद्वारा प्रकाशित

# तालिम बुलेटिन

*Training bulletin*

वर्ष: १ अङ्क: १ महिना: असोज

## प्रशिक्षण गतिविधि

### अपराध अनुसन्धान तालिम सम्पन्न

मिति २०७५/०५/१९ गते अपराध अनुसन्धान (प्र.ह./प्र.ज.) तालिम दसौँ समूहको उद्घाटन यस शिक्षालयका समादेशक प्रहरी उपरीक्षक राजकुमार बैदवारज्यूबाट सम्पन्न भयो । महानगरीय प्रहरी कार्यालय अन्तर्गतका कार्यालयहरूमा कार्यरत १ जना प्रहरी हवल्दार र २९ जना प्रहरी जवान सहभागी यस तालिममा ५ जना महिला र २५ जना पुरुष थिए।



*अपराध अनुसन्धान तथा नियन्त्रण (प्र.ह./प्र.ज.) तालिम दसौँ समूह उद्घाटन गर्नु हुँदै समादेशकज्यू*

२६ कार्यदिन भएको यस तालिममा अपराध अनुसन्धान सम्बन्धी विभिन्न विधामा सैद्धान्तिक तथा व्यवहारिक अध्ययन अध्यापन गराइएको थियो। मिति २०७५/०६/२१ गते महानगरीय प्रहरी कार्यालयका प्रहरी उपरीक्षक रविन्द्र के.सी.ज्यूको प्रमुख आतिथ्यमा समापन भएको थियो । प्रमुख अतिथिज्यूद्वारा अझ बढी व्यावसायिकता प्रदर्शन गर्न निर्देशित यस तालिमका सहभागीहरूमध्ये २६ जना "क" र ४ जना "ख" श्रेणीमा उत्तीर्ण भई सफलतापूर्वक तालिम सम्पन्न गरेका थिए।

### भिड नियन्त्रण तालिम सम्पन्न

भिड नियन्त्रण (जु.प्र.अ./ प्र.ह./ प्र.ज.) तालिम एघारौँ समूह मिति २०७५/०६/०७ गते यस शिक्षालयका समादेशक प्रहरी उपरीक्षक राजकुमार बैदवारज्यूबाट उद्घाटन सम्पन्न भयो। ८ जना जु.प्र.अ., ८ जना प्र.ह, ३४ जना प्र.ज. गरी ५० जना सहभागीहरूमध्ये ८ जना महिला र ४२ जना पुरुष प्रहरी कर्मचारी थिए। १८ कार्यदिनको यस तालिममा भिड नियन्त्रणसम्बन्धी विभिन्न सैद्धान्तिक तथा व्यवहारिक



*भिड नियन्त्रणको अभ्यास गर्दै प्रशिक्षार्थीहरू*

हर प्रहर, गाउँ र नगरी !
टोल टोलमा नेपाल प्रहरी !!

पक्षहरूको बारेमा अध्ययन अध्यापन गराइएको थियो भने तालिमका प्रशिक्षार्थीहरूद्वारा प्रदर्शित डेमो महानगरीय प्रहरी कार्यालयअन्तर्गतका परिसरहरू र वृतका प्रमुख तथा अपरेसन कमाण्डरहरूबाट अवलोकन गराइएको थियो ।

तालिममा सहभागी प्रशिक्षार्थीहरूमध्ये ४६ जना "क" र ४ जना "ख" श्रेणीमा उत्तीर्ण भएको यस तालिमको समापन शिक्षालयको समादेशकज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो ।

# अतिरिक्त क्रियाकलाप

## प्रशिक्षार्थी समादेशक खाना कार्यक्रम



*प्रशिक्षार्थीसँग खाना खानु हुँदै समादेशक*

यस महानगरीय प्रहरी शिक्षालयमा सञ्चालन हुने विभिन्न तालिमका प्रशिक्षार्थीहरूसँग हरेक आइतबार यस शिक्षालयका समादेशक राजकुमार बैदवारज्यू तथा सि.प्र.अ.हरू सहित प्रशिक्षार्थीहरूसँग खाना खाने कार्यक्रम सञ्चालन गरियो। उक्त कार्यक्रमले प्रशिक्षार्थीहरूमा भातृत्व र अपनत्वभाव भडाउनुका साथै तालिमप्रति सकारात्मक धारणा सिर्जना गरेको पाइएको छ ।



## प्रशिक्षक FITNESS DAY कार्यक्रम

प्रशिक्षण केन्द्रमा प्रशिक्षार्थीहरू मात्र नभई प्रशिक्षक पनि प्रत्येक क्रियाकलापमा उत्कृष्ट तथा शारीरिक रुपमा तन्दुरुस्त हुन पर्छ भन्ने उद्देश्यले हरेक बुधबार प्रशिक्षक प्रशिक्षार्थी खेलकुद कार्यक्रम सञ्चालन गर्ने गरिएको छ । यस किसिमको कार्यक्रमले प्रशिक्षक तथा प्रशिक्षार्थीबीचको दूरी घटाई तालिमप्रति रुचि बढाउने विश्वास लिइएको छ ।

## प्रशिक्षार्थीहरूको अध्ययन भ्रमण

अपराध अनुसन्धान तालिममा तालिमरत प्रशिक्षार्थीहरूलाई थप व्यावहारिक तथा व्यवसायिक बनाउने उदेश्यले



*केन्द्रीय कारागारको भ्रमणको क्रममा ब्रिफिङ गर्नु हुँदै कारागार प्रमुख*

**चौडा छाती उच्च शिर सगरमाथा सरी !**
**कर्तव्यको अर्को नाम हो. नेपाल प्रहरी !!**

प्रशिक्षणकै क्रममा केन्द्रीय प्रहरी विधिविज्ञान प्रयोगशाला सामाखुसी, Teaching Hospital, केन्द्रीय कारागार लगायत महानगरीय प्रहरी कार्यालय अन्तर्गत रहेका विभिन्न परिसर तथा वृत्तहरूमा रहेका हिरासत कक्षको अवलोकन भ्रमण गराइएको थियो।

## प्रशिक्षार्थीको जन्मदिन मनाइएको




शिक्षालयमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरूबीच आत्मीयता, भातृत्वभाव र अपनत्व बढाई यस शिक्षालयमा कार्यरत प्रहरी कर्मचारीबीच मैत्रीपूर्ण वातावरण बनाउन शिक्षालयमा कार्यरत कर्मचारीहरूको जन्मदिन आयोजना गरी मनाउन सुरु गरिएको छ । यस कार्यक्रमअन्तर्गत शिक्षालयमा सञ्चालित अपराध अनुसन्धान (प्र.ह./ प्र.ज.) तालिम दसौँ समूहका प्रशिक्षार्थी प्रहरी जवान दिपक सुनारको २०७५/०५/२९ गते परेको जन्मदिन मनाउँदै शिक्षालयका समादेशकज्यूले शुभकामना प्रदान गर्नु भएको थियो।

## वृक्षारोपण कार्यक्रम

यस शिक्षालयमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारीहरू समेत यही समुदायमै बसोबास गर्ने भएकोले सामुदायिक दायित्व पूरा गर्नुपर्ने नैतिक जिम्मेवारीअन्तरगत वातावरण जोगाउने उद्देश्यले महानगरीय सशस्त्र प्रहरी गण, केन्द्रीय कुकुर तालिम स्कुल, रानीवन लगायतका स्थानमा यस शिक्षालयका समादेशक राजकुमार बैदवारको नेतृत्वमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरियो।



## मुलुकी अपराध संहिता, फौजदारी कार्यविधि संहिता, फौजदारी कसूर (सजायँ निर्धारण तथा कार्यविधि) ऐन, २०७४ तालिम सम्पन्न

मुलुकी अपराध संहिता, फौजदारी कार्यविधि संहिता, फौजदारी कसूर (सजायँ निर्धारण तथा कार्यविधि) ऐन, २०७४ (जु.प्र.अ./ प्रह/ प्र.ज.) तालिम दोस्रो समूहको मिति २०७५।०७।११ गते यस शिक्षालयका समादेशक प्रहरी उपरीक्षक राजकुमार बैदवारज्यूबाट उद्घाटन सम्पन्न भयो। महानगरीय प्रहरी कार्यालय मातहत कार्यरत ३ जना प्रहरी नायव निरीक्षक, १० जना प्रहरी सहायक निरीक्षक र १७ जना प्रहरी जवानहरूमध्ये २ जना महिला र २८ जना पुरुष प्रहरी कर्मचारी सहभागी यस तालिममा आठ कार्यदिनसम्म प्रशिक्षण प्रदान गरी मिति २०७५।०७।१९ गते शिक्षालयका सह-समादेशक प्रहरी नायव उपरीक्षक सूर्य बहादुर खड्काज्यूबाट समापन गरिएको थियो।



**सेवा अनि कर्तव्यलाई राखी शिरमाथि !**
**समाजलाई सुरक्षा दिने प्रहरी हाम्रो साथी !!**

## महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान तालिम उद्घाटन



महिला तथा बालबालिकासँग सम्बन्धित अपराध अनुसन्धान (जु.प्र.अ.) तालिम तेस्रो समूहको मिति २०७५/०७/०७ गते यस शिक्षालयका सह-समादेशक प्रहरी नायव उपरीक्षक सूर्य बहादुर खड्काज्यूबाट उद्घाटन सम्पन्न भयो। यस तालिममा महानगरीय प्रहरी कार्यालय अन्तर्गत कार्यरत ३ जना प्रहरी नायव निरीक्षक र २७ जना प्रहरी सहायक निरीक्षकहरूमध्ये ४ जना महिला र २६ जना पुरुष प्रहरी कर्मचारी सहभागी छन्।





**प्रकाशक:- महानगरीय प्रहरी शिक्षालय,महाराजगञ्ज**

**सम्पर्क नम्बर: ०१-४००३०४०**

**E-mail:- metro_school@nepalpolice.gov.np.**

**Facebook Id: Facebook/Metro police training school**

**नागरिक हुन् असल मित्र, हाम्रो अर्को मित्र छैन, हामी मिले शान्ति हुन्छ, कायम हुन्छ अमन चयन।**